# बुटवल उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बुटवल, रुपन्देही
### ५ नं. प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: butwalsmeducation@gmail.com

प.सं. ०७५/०७६
च.नं. (शिक्षा) ३५

मिति २०७५/०४/०९

श्री कक्षा ११ सञ्चालन भएका सबै संस्थागत विद्यालयहरू,
(बुटवल उप-महानगरपालिका क्षेत्र भित्रका)

विषयः- भूल सच्चाइएको ।

प्रस्तुत विषयमा यस कार्यालयको च.नं. (शिक्षा) १८ मिति २०७५/०४/०४ गतेको पत्रको बुदा नं. २ मा मिति २०७५/०४/१५ सम्म म्याद थप गरी आवेदन सङ्कलन गर्ने गराउने हुनु पर्नेमा अन्यथा भएकोले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

२०७५/४/०९

(लोकराज पन्थी)
उप-सचिव

लोकराज पन्थी
उप सचिव

# बुटवल उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बुटवल, रुपन्देही
## ५ नं. प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: butwalsmeducation@gmail.com


प.सं. ०७५/०७६
च.नं. (शिक्षा) ३५

मिति २०७५/०४/०४

**श्री कक्षा ११ सञ्चालित सबै संस्थागत विद्यालयहरू,**
**(बुटवल उप-महानगरपालिका क्षेत्र भित्रका)**

विषय:- **कक्षा ११ को नि:शुल्क छात्रवृत्ति सम्बन्धमा ।**

प्रस्तुत छात्रवृत्ति व्यवस्थापन समितिको मिति २०७५/०४/०२ गतेको वैठकले नि:शुल्क छात्रवृत्ति व्यवस्थापनका सम्बन्धमा देहाय बमोजिमका निर्णय गरेकोले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

तपसिल

१. कक्षा ११ मा भर्ना भएका कूल विद्यार्थी संख्या र त्यसको १० प्रतिशतले हुने संख्या यकिन गरी मिति २०७५/०३/२५ गतेसम्म पठाउन भनिएकोमा मिति २०७५/०४/१३ गतेसम्म पठाउने गरी म्याद थपिएको ।

२. सबै विद्यालयले छात्रवृत्तिको आवेदन फाराम मिति २०७५/०४/०७ गतेसम्म भनिएकोमा मिति २०७५/०४/१५ गतेसम्म म्याद थप गरी आवेदन सङ्कलन गर्ने, गराउने ।

३. सबै विद्यालयले मिति २०७५/०४/१६ गतेसम्म छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीको संख्या यकिन गरी बुटवल उप-महानगरपालिका शिक्षा महाशाखामा पठाउने ।

४. छात्रवृत्ति वितरण गर्ने प्रयोजनका लागि मिति २०७५/०४/१९ गते विहान ८:०० बजे Objective type प्रश्न तयार गरी जाँच लिने र उत्तरपुस्तिका प्राप्त भएपछि नतिजा प्रकाशन गर्ने, नाम नामेसी सहितको विवरण विद्यालयको सूचना पाटीमा टाँस गर्ने र १ प्रति बुटवल उप-महानगरपालिकाको शिक्षा महाशाखामा पठाउने ।

### छात्रवृत्ति वितरण समिति गठन विधि

विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न देहायका सदस्यहरू रहेको एक छात्रवृत्ति वितरण समितिको गठन गर्नु पर्नेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा संस्थापक वा सञ्चालक समितिको प्रमुख वा निजले तोकेको समितिको सदस्य — संयोजक

ख) विद्यालयमा रहेको शिक्षक अभिभावक संघको अध्यक्ष वा निजले तोकेको एकजना प्रतिनिधि — सदस्य

) स्थानीय वडा समितिले तोकेको वडा समितिको सदस्य — सदस्य

शिक्षा अधिकृतले तोकेको स्रोत व्यक्ति वा अधिकृत कर्मचारी — सदस्य

वद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

लोकराज पन्थी
उप सचिव

# बुटवल उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बुटवल, रुपन्देही
## ५ नं. प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: butwalsmeducation@gmail.com


प.सं. ०७५/०७६
च.नं. (शिक्षा) ३५

छात्रवृत्तिका आधारहरू

**आरक्षण सम्बन्धी व्यवस्था:**

जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, जनआन्दोलन तथा मधेश आन्दोलनका घाइते, वेपत्ता तथा शहित परिवारका सन्ततिहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न आरक्षणको व्यवस्थालाई देहाय अनुसार व्यवस्थित गरिएको छ ।

(क) विद्यालयले परीक्षा लिएर विद्यार्थी छनौट गरी प्रदान गर्ने कूल दश प्रतिशत छात्रवृत्तिलाई शत प्रतिशत मानी देहायको आधारमा कोटा आरक्षित गर्नु पर्नेछ ।

| | |
|---|---|
| १) जेहेन्दार | ३७ प्रतिशत |
| २) विपन्नता | ३६ प्रतिशत |
| ३) जनजाति | १० प्रतिशत |
| ४) दलित | ५ प्रतिशत |
| ५) अपाङ्ग | ३ प्रतिशत |
| ६) जनआन्दोलनका घाइते | ३ प्रतिशत |
| ७) शहिदक सन्तति | २ प्रतिशत |
| ८) वेपत्ता परिवारको सन्तति | २ प्रतिशत |
| ९) मधेश आन्दोदनका घाइतेका सन्तति | २ प्रतिशत |

(ख) यसरी छुट्टयाइएको प्रत्येक आरक्षित समुहको ५० प्रतिशत कोटा छात्राहरूको लागि सुरक्षित गर्नु पर्नेछ ।

(ग) माथि उल्लेखित आरक्षणहरू मध्ये एक विद्यार्थीले कुनै एक आरक्षण समुहबाट मात्र आवेदन दिन पाउनेछ ।

(घ) छात्रवृत्ति कोटाको प्राथमिकीकरण गर्दा सबै भन्दा बढी कोटा निर्धारण गरिएकोलाई पहिलो प्राथमिकता दिनु पर्नेछ । बराबर कोटा निर्धारण गरिएको हकमा भने माथि उल्लेख गरिएको प्राथमिकताक्रम अनुसार हुनेछ ।

(ङ) कक्षा एघार र बाह्रमा छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा कम्तीमा पचास प्रतिशत कोटा सामुदायिक विद्यालयबाट आएका छात्रछात्राहरूको लागि छुट्टयाउनु पर्नेछ ।

माथि उल्लेखित कोटामा कुनै आवेदन नपरेमा वा आवेदन परेर पनि कुनै परीक्षार्थी उत्तिर्ण हुन नसकेमा वा अन्य कुनै कारणले कोटा पूर्ति हुन नसकेमा छात्रवृत्ति वितरण समितिको निर्णय बमोजिम अन्य धेरै आवेदन परेको कोटामा परिणत गर्न सकिनेछ ।

(लोकराज पन्थी)
उप-सचिव

लोकराज पन्थी
उप सचिव